# शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
बाँसबारी, काठमाडौं।

## कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०२/३०**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस केन्द्रमा रिक्त देहायका पदहरूमा कार्य क्षमता मूल्याङ्कनद्वारा बढुवा मार्फत पदपूर्ति गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र कर्मचारीहरूको सेवाका सर्त र सुबिधा सम्बन्धी नियमावली, २०५८ (सातौँ संशोधन सहित) को नियम ६.२ बमोजिम तोकिएको सेवा अवधि पूरा गरी न्यूनतम शैक्षिक योग्यता हासिल स्थायी कर्मचारीहरूले ३० दिनभित्र केन्द्रको वेबसाइटमा रहेको दरखास्त फाराम डाउन लोड गरी आवेदन पेश गर्न सम्बन्धित सम्भाव्य उम्मेदवारहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी तथा रीत नपुगी आएको दरखास्त उपर कुनै कारबाही हुनेछैन ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा/समूह /उपसमूह | पद सङ्ख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १/२०८१/८२ | वरिष्ठ कार्डियाक ईमेजिङ्ग टेक्नोलोजिष्ट | रा.प. द्वितीय | प्राविधिक /मेडिकल /रेडियोलोजी | १ | २,५०० |
| २/२०८१/८२ | नर्सिङ्ग सुपरभाइजर | रा.प. तृतीय (क) | प्राविधिक /मेडिकल /नर्सिङ | १ | २,००० |
| ३/२०८१/८२ | बरिष्ठ ल्याव टेक्नोलोजिष्ट | रा.प. तृतीय (क) | प्राविधिक /मेडिकल /प्याथोलोजी | १ | २,००० |
| ४/२०८१/८२ | वरिष्ठ स्टाफ नर्स | रा.प.अन. प्रथम (क) | प्राविधिक /मेडिकल /नर्सिङ | ५ | १,००० |

## आन्तरिक प्रतियोगात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्वन्धी सूचना

**प्रकाशित मिति : २०८२/०२/३०**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस केन्द्रमा रिक्त देहायका पदहरूमा आन्तरिक प्रतियोगिता मार्फत पदपूर्ति गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र कर्मचारीहरूको सेवाका सर्त र सुबिधा सम्बन्धी नियमावली, २०५८ (सातौँ संशोधन सहित) को नियम ६.१४ बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले केन्द्रको वेबसाइट **www.sgnhc.org.np** को अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनुपर्नेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा/समूह /उपसमूह | पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा शुल्क |
|---|---|---|---|---|---|---|
| ५/२०८१/८२ | लेखा सहायक | रा.प.अन. प्रथम (ख) | प्रशासन/आर्थिक प्रशासन/ आर्थिक प्रशासन | १ | व्यवस्थापन विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको तथा कम्प्युटर सम्बन्धी ज्ञान र सीप भएको । | १,००० |

## खुला र समावेशी तर्फका प्रतियोगात्मक परीक्षाद्वारा हुने पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८२/०२/३०**

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस केन्द्रमा रिक्त रहेका देहायका सेवा, समूह, उपसमूहका खुला र समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट रीतपूर्वक दरखास्त आव्हान गरिएको छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले केन्द्रको वेबसाइट **www.sgnhc.org.np** को अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनुपर्नेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| विज्ञापन नं. | पद | श्रेणी | सेवा/समूह /उपसमूह | पद सङ्ख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा शुल्क |
|---|---|---|---|---|---|---|
| ६/२०८१/८२ | सिस्टर | रा.प.तृतीय (ख) | प्राविधिक /मेडिकल / नर्सिङ | खुला १<br>मधेसी १ | नर्सिङ कम्तीमा स्नातक गरेको र नर्सिङ सम्बन्धी कम्तीमा ३ वर्ष काम गरेको अनुभव । | २,००० |
| ७/२०८१/८२ | हाउस किपिङ सहायक | रा.प.अन. प्रथम (ख) | प्रशासन/ प्रशासन/हाउस किपिङ | खुला १ | प्रमाण पत्र तह उत्तीर्ण गरी मन्यता प्राप्त संस्थाबाट हाउस किपिङ सहायकमा कम्तीमा ६ महिनाको तालिम प्राप्त गरको । | १,००० |
| ८/२०८१/८२ | मेडिकल रेकर्ड सहायक | रा.प.अन. प्रथम (ख) | प्रशासन/प्रशासन/मेडिकल रेकर्ड | खुला १ | प्रमाण पत्र तह उत्तीर्ण गरी मान्यत प्राप्त संस्थाबाट मेडिकल रेकर्डमा कम्तीमा ६ महिनाको तालिम वा प्रमाण पत्र तह पछि कम्तीमा एक वर्ष मेडिकल रेकर्डमा काम गरेको अनुभव प्राप्त गरेको । | १,००० |
| ९/२०८१/८२ | लेखा सहायक | रा.प.अन. प्रथम (ख) | प्रशासन/आर्थिक प्रशासन/ आर्थिक प्रशासन | खुला १ | व्यवस्थापन विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको तथा कम्प्युटर सम्बन्धी ज्ञान र सीप भएको । | १,००० |

**सेवाको किसिम** : स्थायी ।

**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता ।

**दरखास्त बुझाउने माध्यम** : अनलाइन ।

**अपलोड गर्नुपर्ने कागजातहरू** : उम्मेदवारले हालसालै खिचिएको डिजिटल फोटो (jpg), उम्मेदवारको हस्ताक्षर (jpg), न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, अनुभव र तालिमको प्रमाणपत्र साथै समावेशी समूहका विज्ञापनको हकमा समावेशी समूह खुल्ने कागजात pdf format (500 KB भित्र )संग्लग्न गर्नुपर्नेछ उल्लिखित प्राविधिक पदहरूमा आवेदन दिने उम्मेदवारहरूले सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र साथै अनुभव आवश्यक पर्ने पदहरूका लागि अनुभव सम्बन्धी विवरण उल्लेख गरी आफूले काम गरेको कार्यालय/संस्थाको प्रमुखबाट प्रमाणित गराई अनिवार्य pdf format (500 KB भित्र) संग्लग्न गर्नुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति** : २०८२/०३/१९ र दोब्बर दस्तुर तिरी २०८२/०३/२६ सम्म बुझाउन सकिनेछ ।

**उमेरको हद** : दरखास्त दिने अन्तिम मितिसम्म प्रशासनिक कर्मचारीहरूको हकमा सहायक तर्फका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र प्राविधिक कर्मचारीहरूको हकमा सहायक तर्फका लागि १८ वर्ष र अधिकृततर्फ २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । केन्द्रमा कार्यरत स्थायी कर्मचारीहरूको हकमा उमेर हद लाग्ने छैन ।

**परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Connect IPS, प्रभु पे, IME Pay, मोबाइल बैकिङ र इन्टरनेट बैंकिङ मार्फत तिर्न सकिनेछ । तोकिए बमोजिमको रकम जम्मा नगरेमा दरखास्त अस्वीकृत गरिनेछ । फरक-फरक समावेशी समूहको हकमा प्रति समूह २५% थप शुल्क लाग्नेछ ।

**परीक्षा दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछी माथि उल्लिखित कुनै एक विधिबाट दरखास्त दिन पाउने अन्तिम मितिसम्म तोकिएको परीक्षा दस्तुर /दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाइसक्नुपर्नेछ ।

**तलबभत्ता तथा सेवा सुबिधा** : केन्द्रको नियमानुसार ।

**लिखित परीक्षा मिति** : लोक सेवा आयोगबाट लिखित परीक्षाको कार्यक्रम तय भए पश्चात गोरखापत्र, लोक सेवा आयोग र केन्द्रको वेबसाइटमा प्रकाशन गरिनेछ ।

**समावेशी समूहको विज्ञापनक लागि** : मधेशीका हकमा: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मेधेशी भनी प्रमाणित गरेको आधारमा तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात ।

**विज्ञापन सम्बन्धी विशेष सूचना** : सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

**द्रष्टव्य:**

१. प्रत्येक सेवा अन्तर्गत आ.प्र.,खुला तथा समावेशी प्रतियोगिताको आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङ लिइनेछ ।
२. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा सम्बन्धित पदका लागि तोकिएको न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन ।
४. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम शैक्षिक योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको म्यादभित्र दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
५. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूको सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गरेको हुनुपर्नेछ ।
६. दरखास्त दिने उम्मेदवारहरूको सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्र नवीकरण भएको हुनुपर्नेछ ।
७. परीक्षामा परीक्षार्थीले अनिवार्य कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।
८. पाठ्यक्रम केन्द्रको वेबसाइट **www.sgnhc.org.np** बाट प्राप्त गर्न सकिनेछ ।
९. सोधपुछ तथा सम्पर्कका लागि टेलिफोन नं. ०१-४३७१३२२, ४३७१३७४, ४३७०६२२ Ext : 520, 252, 506, 507 इमेल : hr@sgnhc.org.np

**सदस्य सचिव**
**पदपूर्ति समिति**